## सिआरजिको आवस्यकता पहिचान

यस स्वनिदान टुल वा सामग्रिले समुदाय, गैह्र सरकारी संस्था र जोखिममा रहेका मुख्य समुदायका नेटवर्क वा संजालहरुलाई उनीहरुको सिआरजि सँग सम्बन्धित रहेर एचआइभि, टिबि र मलेरियाका राष्ट्रिय रणनितिक योजनाहरु बनाउने, ग्लोबल फण्ड सम्बन्धित राष्ट्रिय कार्यक्रम र कार्यक्रमको प्रपोजल पठाउने कार्यमा उनिहरुको उचित सहभागिता रहेको नरहेको कुराको मुल्यांकन गर्न सहयोग गर्दछ ।

हालको फण्डिङ्ग मोडलले सिआरजि समाहित तथा प्रवर्धन गर्नको लागि बिभिन्न अवसरहरु प्रदान गरेको छ । तथापि, सिआरजि संग सम्बन्धित आवस्यकताहरु बिबिध किसिमका छन् । यी आवस्यकताहरु फण्डिङ्ग मोडलको प्रक्रियामा पहुँच तथा प्रतिनिधित्व, मुख्य समुह र लैङ्गिक बर्गिकरण सहितको रणनैतिक सूचनाको उपलब्धता देखि अवधारण पत्र (कनसेप्ट नोट) बिकाशको क्रममा मुख्य समुहको परिचालन क्षमता र उनिहरुको प्राबिधिक शिप सम्म पर्दछ । यस्ता सिआरजि सम्बधित प्रक्रियागत मुद्दाहरुलाई केलाएर छलफलमा ल्याउनु पर्दछ जसले गर्दा सामुदायीक समुह, गैह्र सरकारी संस्थाहरु तथा मुख्य समुदायका सञ्जालहरु उल्लेखित आवस्यकताहरु पूरा गर्न आ(आफ्नो प्राथमिकता निर्धारण गरी आवस्यक सहयोगका श्रोतहरु पहिचान गर्न समेत सक्षम हुनेछन् ।

## यो टुलको प्रयोग कसरी गर्ने?

| | |
|---|---|
| १ | ग्लोबल फण्डको अवधारणा पत्रको बिकासको कुनै पनि प्रक्रियामा सामेल भएका वा देशमा भएको ग्लोबल फण्डको कुनै पनि कार्यक्रममा संलग्न भएको वा ग्लोबल फण्डको कार्यक्रम संग कुनै न कुनै रुपमा जानकार भएका सामुदायीक समुह, गैह्र सरकारी संस्थाहरु तथा मुख्य समुदायका सञ्जालहरुमाझको साना समुह छलफल मार्फत यो टुलको प्रयोग र यसको वास्तविक उत्तर निकाल्न सकिन्छ । |
| २ | यस टुलमा भएको प्रश्नहरुको उत्तर सामुहिक रुमा दिनु पर्ने हुन्छ । उदाहरणको लागि, यस प्रक्रियामा समावेशीकरणको मुल्यांकन गर्दा कुन प्रक्रिया वा तहमा कुन कुन सरोकारवाला निकायहरु समावेश गरीए गरीएनन् भन्ने तथ्य मात्र नहेरी उनिहरुको सहभागिता कुन हद सम्म र कति गहन थियो भन्ने पनि हेर्नु अपरीहार्य हुन्छ, र यसको शहि मुल्यांकन गुणत्मक छलफल गरी सामुहिक निर्णयबाट निकाल्नु पर्दछ । |
| ३ | ग्लोबल फण्डको प्रक्रिया र संरचना, राष्ट्रिय रणनैतिक योजनाहरु र राष्ट्रिय कार्यक्रमहरुको ज्ञान अपरिहार्य छ । आवस्यक परेको खण्डमा प्राबिधिक सल्लाह दिन सक्ने साझेदारहरु (युएनएड्स, डब्लुएचओ, सिसिएम आदि) लाई पनि संलग्न गराउन सिफारिस गरिन्छ । |
| ४ | दुबिधा हटाउनका लागि यस टुलमा आउने उत्तरहरुलाई बजेटको श्रोतको आधारमा वा रोग बिशेशको (उदाहरण : एचआइभिको बजेट अनुदान, एचआइभि र टिबिको बजेट अनुदान, बहु देशीय बजेट अनुदान आदि) आधारमा रेकर्ड गरेर वा ब्यवस्थित तरिकाले छुट्टा छुट्टै मिलाएर राख्नु पर्दछ । कुनै कुनै बेला दोहोरिएको भेटिएतापनि, तिनवटा रोगसंग सम्बन्धित मुख्य समुदायहरु र गैह्र सरकारी सस्थाहरु फरक फरक छन् किनकि ग्लोबल फण्डको प्रक्रिया तथा कार्यक्रमहरुमा उनिहरुको संलग्नता धेरै जसो फरकनै हुन्छ । त्यसैले पूरा हुन नसकेका आवस्यकताहरुलाई बुझ्न |

| | |
|---|---|
| | र तिनिहरुको समाधान पत्ता लगाउन उनिहरुको सिआरजि सम्बन्धि मुद्दाहरु, आवस्यकता तथा प्राथमिकताहरु छुट्याएर हेर्नु अपरीहार्य छ । |
| ५ | आवस्यकता पहिचानका परिणामहरु सिआरजि सम्बन्धित अनुक्रियाहरुलाई राष्ट्रको कार्यक्रमहरुमा समावेश गर्न सशक्त शिफारिस गर्न एउटा राम्रो श्रोत हो । त्यसैले आवस्यकता पहिचानबाट आएका परिणामहरुलाएई उचित दस्तावेज बनाई राख्नु पर्दछ । ग्लोबल फण्ड र यसको प्रक्रियासंग सम्बन्धित बिभिन्न छलफल र बैठकहरु (कन्ट्रि डायलग) र सिसिएम ओभरसाइटका क्रियाकलापहरुमा समावेश हुदा पनि यस टुलको प्रयोग गर्नु महत्वपूर्ण हुन्छ । |